सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ बमोजिम

फिदिम नगरपालिका पाँचथरद्वारा प्रकाशित

# आ. व. २०८१।०८२ को वार्षिक प्रतिवेदन

फिदिम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फिदिम, पाँचथर
कोशी प्रदेश, नेपाल
२०७३

## फिदिम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

फिदिम, पाँचथर
कोशी प्रदेश, नेपाल

सूचनाको हक कार्यान्वयन सम्बन्धी वार्षिक प्रतिवेदन- २०८१।०८२

*सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ का प्रावधान बमोजिम फिदिम नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा आ.व. २०८१।०८२ मा सूचनाको हकको प्रयोग र प्रचलनको अवस्थालाई प्रस्तुत गर्न यो प्रतिवेदन तयार गरी प्रकाशन गरिएको छ।*

**सूचनाको हक: संक्षिप्त परिचय**

सार्वजनिक निकायमा रहेको आफ्नो वा सार्वजनिक सरोकारको सूचना माग गर्ने वा पाउने हकलाई सूचनाको हक भनिन्छ। यो नागरिकको सुन्न पाउने, जान्न पाउने र सु सूचित हुन पाउने हक हो। नागरिकलाई सचेत र सार्वजनिक निकायलाई जवाफदेही बनाउने सशक्त माध्यम हो। सार्वजनिक निकाय जनतालाई आवश्यक सेवा, सुरक्षा र स्थायित्व प्रदान गर्ने जनउत्तरदायी संस्था हो अतः सार्वजनिक निकायका काम कारबाही सम्बन्धी विषय सार्वजनिक सुनुवाईका विषय हुन्छन र नागरिकले जान्न पाउनु पर्ने हुन्छ। यही नै सामान्य अर्थमा सूचनाको हक हो। यो नागरिकको संवैधानिक र कानुनी हक हो।

**सूचनाको हकसम्बन्धी ऐन, २०६४** अनुसार सूचनाको हक भन्नाले देहायका विषय पर्दछन।

- सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचना माग्ने र पाउने अधिकार। सो शब्दले
- सार्वजनिक निकायमा रहेको कुनै लिखत, सामग्री वा सो निकायको काम कारबाहीको अध्ययन वा अवलोकन गर्ने,
- त्यस्तो लिखतको प्रमाणित प्रतिलिपि प्राप्त गर्ने,
- सार्वजनिक महत्वको निर्माण कार्य भैरहेको स्थलको भ्रमण र अवलोकन गर्ने वा कुनै सामग्रीको प्रमाणित नमूना लिने,
- कुनै.पनि किसिमको यन्त्रमा राखिएको सूचना त्यस्तो यन्त्र मार्फत प्राप्त गर्ने अधिकार समेत।

**सुचनाको हक: मौलिक हक**

नेपालको संविधानको भाग -३, धारा २७ र सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सो को नियमावली, २०६५ द्वारा प्रदान गरिएको सूचनाको हक नागरिकले सु-सूचित हुन पाउने संवैधानिक, मौलिक र कानुनी अधिकार हो।

नेपालको सन्दर्भमा नेपाल अधिराज्यको संविधान, २०४७ ले सूचनाको हकलाई मौलिक हकको रुपमा स्वीकार गरेको थियो। ततपश्चात नेपालको अन्तरिम संविधान, २०६३ र वर्तमान संविधानले समेत यसलाई मौलिक हकको रुपमा स्वीकार गरेको छ। अतः सूचनाको हक विशिष्ट प्रकृतिको हक हो। नेपालको संविधानको धारा २७ मा यस सम्बन्धी व्यवस्था रहेको छ।आफ्नो वा सार्वजनिक सरोकारको विषयमा सुन्न, जान्न र सु सूचित हुन पाउने हक नागरिकका आधारभूत हकहरु भएकोले यसलाई मौलिक हकको रुपमा संविधानले परिभाषित गर्ने परिपाटीको शूरुवात भएको हो। मौलिक हकको प्रचलन सरकार वा संसदको स्वविवेकीय (Discretionary) अधिकारको विषय होइन। यद्यपी यसको कार्यान्वयनका लागि कार्यविधिहरु विधायिका वा कार्यपालिकाले बनाउन सक्ने प्रावधान रहेकोमा नेपालको संविधानले हाल फरक अभ्यास गर्ने प्रयत्न गरेको छ। नेपालको संविधानको धारा ४७ बमोजिम मौलिक हकको प्रयोग र प्रचलन कानून बमोजिम मात्र हुने संवैधानिक प्रबन्ध गरेको कारणले मौलिक हकहरु legislative wisdom का विषय हुन सक्दैनन् भन्ने विषयमा विषयान्तर भई फरक सिदान्तको रुपमा विकषित भएको छ।

**धारा २७ : सूचनाको हक: प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ।**

**तर कानून बमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन।**

सूचना अधिकारी

**धारा ४७: यस हकद्वारा प्रदत्त हकको कार्यान्वयनका लागि आवश्यकता अनुसार राज्यले यो संविधान प्रारम्भ भएको तीन वर्षभित्र कानुनी व्यवस्था गर्नेछ ।**

**सूचनाको हकको प्रयोग र प्रचलनका लागि फिदिम नगरपालिकाद्वारा गरिएका पहल**

(क) सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को प्रावधान बमोजिम प्रत्येक ३ महिनामा स्वतः प्रकाशन गर्ने गरिएको ।

(ख) प्रचलित ऐन, कानुन अनुसार नियमित, आवधिक र वार्षिक प्रतिवेदन तयार तथा सार्वजनिक गर्ने गरिएको ।

(ग) सार्वजनिक सुनुवाइ, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण गरी प्रतिवेदन सार्वजनिक गर्ने गरिएको ।

(घ) कार्यालयको सूचना अधिकारी तोकिएको ।

(ङ) सूचना अधिकारीको नाम र सम्पर्क विवरण सहितको पोस्टर सबैले देख्ने गरी कार्यालय परिसरमा राखिएको ।

(च) सूचना मागको आधारमा प्रचलित कानुन बमोजिम सूचना उपलब्ध गर्ने गरिएको ।

(छ) कार्यालयको वेबसाइट र फेसवुक पेज समेत अद्यावधिक गरी सञ्चालन गरिएको ।

(ज) **सूचनाको हकको व्यावहारिक अभ्यास** नामक आलेख कार्यालयको वेबसाइटमा प्रकाशन गरिएको ।

**तथ्याङ्क:**

**आ.व. २०८१।०८२ मा फिदिम नगरपालिकामा सूचनाको हक कार्यान्वयन सम्बन्धी तथ्याङ्कीय अवस्था निम्न अनुसार रहेको छ ।**

| क्र.सं. | सूचनाको विवरण | एकाइ | | | प्रदान नगरिनुको कारण | कै. |
|---|---|---|---|---|---|---|
| | | माग | प्रदान गरिएको | प्रदान नगरिएको | | |
| १ | सूचना माग | ८ | ७ | १ | सूचना प्राप्तिको दस्तुर जम्मा गरेको नदेखिएको | |
| २ | सार्वजनिक निकायमा रहेको कुनै लिखत, सामग्री वा सो निकायको काम कारबाहीको अध्ययन वा अवलोकन | - | - | - | | |
| ३ | बुँदा २ को लिखतको प्रमाणित प्रतिलिपि | - | - | - | | |
| ४ | निर्माण कार्य भइरहेको स्थलको भ्रमण र अवलोकन गर्ने वा कुनै सामग्रीको प्रमाणित नमुना लिने | - | - | - | | |
| ५ | कुनै पनि किसिमको यन्त्रमा राखिएको सूचना त्यस्तो यन्त्र मार्फत प्राप्त गर्ने | - | - | - | | |

**सूचनाको हक**

| क्र.सं. | सूचनाको विवरण | सङ्ख्या | कै. |
|---|---|---|---|
| १ | सूचना माग भएको / प्रदान गरिएको | ८/७ | |

सूचना अधिकारी

| | | | |
|---|---|---|---|
| २ | सूचना अधिकारीले सूचना दिन नमानेमा, सूचना माग दर्ता नगरेमा वा गलत सूचना दिएमा सूचना मागकर्ताले कार्यालय प्रमुख समक्ष सात (७) दिनभित्र परेको उजुरी सङ्ख्या | - | |
| ३ | बुँदा २ को प्रयोजनका लागि कार्यालय प्रमुखले सात दिनभित्र सूचना प्रदान गर्न सूचना अधिकारीलाई निर्देशन | - | |
| ४ | राष्ट्रिय सूचना आयोगमा उजुरी | हालसम्म जानकारीमा नआएको | |
| ५ | स्वतः प्रकाशन | ४ पटक | कार्यालयको वेबसाइट https://phidimmun.gov.np/ne/publications मार्फत प्राप्त गर्न सकिने |
| ५ | सूचनाको हक सम्बन्धी तालिम तथा अन्तरक्रिया कार्यक्रम | - | |
| ६ | सूचना तथा जानकारीका लागि | **वेबसाइट:**<br>**phidimmun.gov.np**<br>**सूचना अधिकारी:**<br>९८५२६९१२१२<br>**: bs.gov.np@gmail.com**<br>**फेसबुक पेज:**<br>**Phidim Municipality, Panchthar**<br>**https://www.facebook.com/share/1Ch4RXPYsT/** | |

फिदिम नगरपालिका नगर कार्यपालिकाको कार्यालय फिदिम, पाँचथर कोशी प्रदेश, नेपाल २०७३

सूचना अधिकारी

## सूचनाको हकको कार्यान्वयनका लागि

**सूचना माग गर्दा ध्यान दिनुपर्ने कुराः**

- सूचना माग गर्दा सूचना माग गर्नुको प्रयोजन/कारण स्पष्ट उल्लेख गर्ने,
- सूचना मागकर्ताले मिति स्पष्ट रूपमा लेख्ने ,
- २ प्रति निवेदन लेख्ने सो को १ प्रति कार्यालयमा दर्ता गराउने र १ प्रति आफुले राख्ने,
- "सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गर्दछु । " भनी एक वाक्यांशमा माग गर्ने,
- लामो /झण्झटिलो बेहोरा नभई संक्षिप्त र स्पष्ट बेहोरा माग गर्ने,
- एक भन्दा बढी सूचना माग गर्नु पर्ने भएमा बुँदागत रुपमा लेखी माग गर्ने,
- सूचना प्राप्त गर्ने ठेगाना स्पष्ट रुपमा उल्लेख गर्ने ,
- निवेदन साथ आफ्नो पहिचान खुल्ने परिचय पत्रको छायाँकपि संलग्न राख्ने,
- जुन प्रयोजनका लागि माग गरिएको हो सोही प्रयोजनका लागि प्रयोग गर्ने ।

फिदिम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फिदिम, पाँचथर
कोशी प्रदेश, नेपाल
२०७३

सूचना अधिकारी

फिदिम नगरपालिका, पाँचथर

## सूचना माग गर्ने निवेदनको नमुना

मितिः २०८../..../.... गते

श्री सूचना अधिकारीज्यू,
फिदिम नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
फिदिम, पाँचथर ।

विषयः सूचना पाउ भन्ने बारे ।

महोदय

प्रस्तुत विषयमा मेरो ..........................................प्रयोजनका लागि यस कार्यालयमा रहेको देहायका सूचना सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३ बमोजिम पाउँ भनी मेरो ...................परिचय पत्र यसै साथ संलग्न राखी यो निवेदन पेस गर्दछु । सूचना प्राप्त गर्न लाग्ने दस्तुर नियमानुसार बुझाउन तयार छु ।

देहाय

१.
२.
३.

निवेदक

नामः

ठेगानाः

सम्पर्क नम्बरः

ईमेलः

---

**प्रतिवेदन गर्ने**

---

फिदिम नगरपालिका नगर कार्यपालिकाको कार्यालय फिदिम, पाँचथर कोशी प्रदेश, नेपाल २०७३

२०८२/०८/०६

(भुवन कुमार शाही)
सूचना अधिकारी
सम्पर्क नम्बरः ९८५२६९१२१२
इमेलः suchanaadhikari.phidim@gmail.com

(कुमार प्रसाद भट्टराई)
प्रमुख प्रशासकीय अधिकृत
सम्पर्क नम्बरः ९८५२६२३१११